श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मिति-२०८०/११/१०

## प्रेस-विज्ञप्ति

नेपालको सार्वजनिक प्रशासनलाई ब्यवस्थित, मर्यादित, जनउत्तरदायी तथा आम कर्मचारीको पेशागत हकहित र सेवाका शर्तको सुरक्षाका लागि २०४७ सालदेखि निरन्तर कृयाशील निजामती क्षेत्रको पहिलो र सशक्त राष्ट्रिय स्तरको ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन रहेको ब्यहोरा सर्वविदितै छ ।

संगठनको आह्वानमा २०४८ सालमा भएको ऐतिहासिक ५६ दिने कर्मचारी आन्दोलनका क्रममा सयौं कर्मचारीहरुको अवकास, निलम्वन र अन्य कारवाहीको पिडाबाट उत्पन्न आर्थिक समस्याको परिपुरणको लागि २०५२ साल देखि सदस्य बचत कोष र कल्याण कोषको शुरुवात गरिएको थियो । संगठनको पाँचौं राष्ट्रिय अधिवेशनले लिएको नीति अनुरुप संगठनका सदस्यहरुलाई आर्थिक रुपमा स्वाबलम्बी बनाउन, बचत गर्ने बानिको बिकास गर्न र एकीकृत पूँजीको निर्माण तथा परियोजना निर्माण गरी आफ्ना सदस्यलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन २०५५ सालबाट शुरु भएको राष्ट्रसेवक सहकारी संस्था लिमिटेड स्थापना अभियानको ६९ औं जिल्लाको रुपमा नवलपरासी (वर्दघाट सुस्ता पूर्व) रहेको छ ।

राष्ट्रसेवक सहकारी संस्था स्थापना गरेर मात्र संगठनको कर्तव्य पुरा हुदैन, सहकारीका अन्तर्राष्टिय मुल्य, मान्यता, सिद्धान्तलाई आत्मसाथ गर्नु, सहकारी ऐन, नियम र मापदण्डको परिपालना, सहकारी सञ्चालनको अनुभव आदान प्रदान, संस्थाको वित्तीय विश्लेषण सहित वित्तीय स्वास्थ्यको बारेमा छलफल गर्न राष्ट्रसेवक सहकारी संस्था सुदृढीकरण कार्यदल गठन, राष्ट्रसेवक सहकारी संस्था लिहरुको मधेश प्रदेश वाहेक सबै प्रादेशिक भेला,व्यवस्थापक/प्रवन्धकहरुको राष्ट्रिय भेला,विज्ञ सहितको २ दिने कार्यशाला र कार्यदलको प्रतिवेदन समेतका आधारमा २०८० फाल्गुण ७-८ गते बबरहल, काठमाडौंमा **राष्ट्रसेवक सहकारी संस्था लि. हरुको पाचौं राष्ट्रिय सहकारी भेला** सम्पन्न भएको छ ।**"संगठन र राष्ट्रसेवक सहकारीको सबलीकरणः दिगो व्यवस्थापन, स्वःनियमन र सुशासन"** भन्ने मुल नारा रहेको पाचौं राष्ट्रिय सहकारी भेलामा पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका श्रद्वेय अध्यक्ष केपि शर्मा ओलीको प्रमुख आतिथ्यता, पूर्व मन्त्री भानुभक्त ढकाल, पेशागत महासंघ नेपालका ईन्चाज चुडामणी जंगली अध्यक्ष पुण्य प्रसाद ढकाल संगठनका पुर्व अध्यक्ष लगायतको आतिथ्यता रहेको थियो । संगठन केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य, प्रदेश कार्य समितिका अध्यक्ष र महासचिव, जिल्ला/विभागीय कार्य समितिका अध्यक्ष, केन्द्रीय सहकारी विभागका सदस्यहरु, राष्ट्रसेवक सहकारी संस्था सुदृढीकरण कार्यदलका सदस्यहरु तथा राष्ट्रसेवक सहकारी संस्था लि. का अध्यक्ष र व्यवस्थापक/प्रबन्धक समेत ७०० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सबै राष्ट्रसेवक सहकारी संस्था लि.मा हाल कूल २०९८८ शेयर सदस्यको कूल रु. २,२१,४८,०९,८१३।२२ सम्पत्ति दायीत्व रहेको विवरण भेलामा प्रस्तुत भएको थियो । भेलामा सहभागी प्रतिनिधिहरुलाई ७ समुहमा विभाजन गरी छलफल गरी समुहले पहिचान गरेका सुझावलाई टोली नेता र उपनेताले प्रस्तुत गर्नु भएको थियो । भेलाले पारित गरेका महत्वपूर्ण समसामयीक विषयका निर्णय, राष्ट्रसेवक सहकारी संस्था लि. सञ्चालनको लागि ८ बुँदाको साझा सहमती, र संगठनको तर्फबाट व्यक्त ३ बुँदाको प्रतिवद्धता यसै विज्ञप्ति मार्फत सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छौ ।

### तपसिल

**समग्र सहकारीका क्षेत्रको समसामयीक विषय सम्बन्धमाः**

१. सहकारी क्षेत्रमा देखिएका वर्तमान समस्याको कारण सहकारी सञ्चालनमा शेयर सदस्यको सर्वोच्चता र स्वःनियमन नरहनु, सहकारी संस्थामा आवश्यकताको आधारमा सदस्य हुने, नियमित बचत गर्नुको सट्टा तात्कालिक प्रतिफलका लागि एकमुष्ट ठूलो निक्षेप जम्मा गर्ने र स्विकार गर्ने परिपाटीको विकास हुनु, सहकारी संचालनको मापदण्ड विपरित तरलता ब्यबस्थापन,ऋण लगानी जस्ता कार्य गरिनु,सहकारीको नीति निर्माण हुने र सहकारीको आर्थिक स्वास्थ्यको समिक्षा हुने वार्षिक साधारण सभामा शेयर सदस्यको सकृय सहभागिता नरहनु, वित्तीय विश्लेषण र सदस्य शिक्षालाई ध्यान नदिनु तथा राज्यका तर्फबाट अनुगमन र नियन्त्रण प्रणाली प्रभावकारी नहुनु प्रमुख कारकका रुपमा भेलाले पहिचान गरेको छ।

२. समान हैसियत, समान वर्ग पेसा भएका ब्यक्तिहरुको सामुहिकतावाट सहकारी संचालन हुनु पर्नेमा गरिव र निम्न आय भएका बर्गवाट बचत संकलन, अनुत्पादक क्षेत्रमा लगानी र मापदण्ड विपरित अस्वभाविक खर्च गर्ने तथा सदस्य सेवामा भन्दा हैसियत माथी उठेर विलासितामा खर्च गर्ने प्रवृतिले समेत सहकारी धरासायी भएका हुन भन्ने निष्कर्ष भेलाले निकालेको छ ।

३. सहकारी ऐनले व्यवस्था गरेका कर्जा सुचना केन्द्र, ऋण असुली न्यायाधिकरण, सहकारी प्रबर्द्धन कोषको कार्यान्वयन अविलम्ब गरिनु पर्ने कुरामा भेलाले जोड दिएको छ ।

४. सहकारी ऐनको व्यवस्था अनुसार कर लाग्नु पर्नेमा सो विपरित विनियोजन ऐनबाट कर बृद्धि गरिएकोले सहकारीलाई नियमन गर्ने सहकारी ऐन अनुसार मात्र कर लिनु पर्ने भेलाले माग गरेको छ।

**राष्ट्रसेवक सहकारी संस्थाका सम्वन्धमा भेलावाट पारित निष्कर्षः**

१. राष्ट्रसेवक सहकारी संस्था लि. हरुको सञ्चालनमा देखिएका समस्या, सुशासन, वित्तीय विश्लेषण र पृष्ठपोषण गर्दै आगामी दिनमा अवलम्बन गर्ने नीतिको रुपमा सहकारी संस्थाहरुको सबलीकरण तथा आवश्यकता अनुसार एकिकरणको कार्ययोजना पारित ।

२. राष्ट्रसेवक सहकारी संस्था लि. हरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न बचत वर्गिकरण, ऋण वर्गिकरण सहित वित्तीय तथा संस्थागत सुशासन र स्वःनियमनका मापदण्ड पारित ।

३. नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्था लि. हरुको अवस्था सन्तोषजनक रहेको, बचत फिर्ता तथा ऋण असुलीमा कुनै समस्या नरहेको र आगामी दिनमा अझ प्रभावकारी रुपमा संचालन गर्न पारस्पारिक सहयोगको आदान प्रदान गर्ने निर्णय भएको छ ।

४. सम्पन्न पाँचौं राष्ट्रिय सहकारी भेलाबाट पारित निष्कर्षको सन्देश सहित राष्ट्रसेवक सहकारी संस्थाहरुलाई थप सुदृढीकरण र सवलीकरण गर्न सबै सहकारीहरुमा अभियान सञ्चालन गर्ने निर्णय पारित गरिएको छ ।

**राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरु सञ्चालनमा भएको साझा सहमती पत्रः**

१. राष्ट्रिय भेलाबाट पारित प्रतिवेदन तथा सहमती पत्रलाई संस्थाको संचालक समितिवाट अनुमोदन गरी/गराई सो जानकारी २०८० चैत्र मसान्तसम्म संगठन केन्द्रीय सहकारी विभाग/समन्वय समितिमा पठाउने,

२. पारित प्रतिवेदन अनुरुप आ-आफ्नो संस्थाको सम्बद्धता रकम सम्बद्धता कोषमा जम्मा हुने गरी केन्द्रीय समन्वय समितिमा पठाउने ।

३. राष्ट्रिय भेलामा प्रस्तुत भई पारित संस्था सुदृढीकरणका लागि सबलीकरण कार्ययोजना, राष्ट्रसेवक सहकारी मापदण्ड तथा कार्यक्रमलाई आ-आफ्नो संस्थामा कार्यान्वयन गर्ने ।

४. प्रदेश समन्वय समितिबाट आयोजित कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउने ।

५. सहकारी संस्था एकीकरण तथा प्रारुपका सम्बन्धमा आवश्यकता बमोजिम छलफल कार्यक्रम संचालन गर्ने ।

६. कार्यान्वयन समितिबाट माग भएका वित्तीय र संस्थागत सम्पूर्ण विवरण पठाई आबश्यक सहयोग गर्ने,

७. आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संस्थाको लेखापरीक्षण र बार्षिक साधारण सभा सम्पन्न गर्न प्रयत्नशील हुने,

८. संस्था स्थापनाकालदेखिको बार्षिक प्रतिवेदन तथा प्रकाशनहरुको संकलन गरी १ सेट संस्थामा सुरक्षित राख्ने र १ सेट संगठन केन्द्रमा पठाउने ब्यबस्था गर्ने ।

**नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट व्यक्त प्रतिबद्धता पत्रः**

१. राष्ट्रिय भेलाबाट पारित प्रतिवेदन तथा गरिएका निर्णय कार्यान्वयनमा सहयोग पु-याउने ।

२. राष्ट्रसेवक सहकारीहरुको अविभावकत्वलाई निरन्तरता दिंदै संस्था सवलीकरण, प्रवर्द्धन र समन्वयमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

३. राष्ट्रसेवक सहकारी संस्था संचालनमा देखिएका कानूनी जटिलता निराकरणको लागि आवश्यक पहल गर्ने ।

जीवन काफ्ले

महासचिव